स्थानीय सरकार सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३

च.नं.-

मितिः२०८१/११/०८

**विषय: जग्गा फुकुवा तथा नामसारी सम्बन्धी १५ दिने सार्वजनिक सूचना !!!**

यस दुहबी नगरपालिका वडा नं. १२ बस्ने श्री बलराम यादवले दिनुभएको निवेदन अनुसार, निजको बुबा श्री प्रयाग यादवको नाममा मालपोत कार्यालय सुनसरी (साविक कुसाहा-१ 'घ') मा दर्ता रहेको कित्ता नम्बर १२७, क्षेत्रफल ०-६-७-१/२ को जग्गा साझा संस्था (साझा सहकारी) को नाममा रोक्का रहेको देखिएको छ। निवेदकको व्यहोरा अनुसार उक्त संस्था हाल संचालनमा नरहेको, अस्तित्व समाप्त भइसकेको र उक्त संस्थालाई बुझाउनुपर्ने कुनै पनि ऋण,धन वा दायित्व बाँकी नरहेको हुनाले सो जग्गा फुकुवा गरी नामसारी सिफारिस पाउन माग भएको छ।

तसर्थ, उक्त जग्गा फुकुवा गरी निवेदकको नाममा नामसारी गर्दा उक्त संस्थाको कुनै हकदाबी, लेनदेन वा अन्य कसैको कुनै प्रकारको दाबी बिरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आधार प्रमाण लिई वडा सिफारिस सहित यस कार्यालयमा उपस्थित हुनुहुन सूचित गरिन्छ। म्याद भित्र कुनै दाबी नपरेमा र संस्थाको अस्तित्व नदेखिएको अवस्थामा नियमानुसार जग्गा फुकुवा तथा नामसारीको लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाउने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**विवरण:**

- जग्गाधनी: मृतक प्रयाग यादव
- रोक्का राख्ने संस्था: साझा संस्था
- जग्गाको विवरण: साविक कुसाहा-१ 'घ', कित्ता नं. १२७, क्षेत्रफल ०-६-७-१/२

२०८१/११/८

सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत